समाचार र विचारको स्वतन्त्र संवाहक

कालपृष्ठ

राष्ट्रिय दैनिक

'क' वर्गमा सूचीकृत

kalpristhanews.com

कालपृष्ठ दैनिक
KALPRISTHA DAINIK

वर्षः २९, अंकः८६
शनिबार, १४ कात्तिक २०८३
(Saturday, 31 Oct. 2026)
पृष्ठः ४, मूल्यः १०।-

गाउँघर, कुनाकाप्चा, टोलका
विकास-निर्माण वा जनसमस्या
सम्बन्धित कुनैपनि खबर
सार्वजनिक गर्नु परेमा

हामीलाई जानकारी दिनुहोस् ।
मो.नं.: ९८५११४८३६१, ९८५८०५९५४४

कानुन मिच्दैं संचार गृहमा प्रहरी प्रवेश



कालपृष्ठ समाचारदाता

काठमाडौं, १३ कात्तिक

समाचारकक्षबाट पत्रकारलाई सादा पोषाकका प्रहरीले पक्राउ गरेपछि त्यसको चौतर्फी रूपमा बिरोध सुरु भएको छ। प्रहरीले कानुनी दायरालाई मिचेर पत्रकार गृहमा प्रवेश गरेपछि आलोचना भएको हो। नेपाल पत्रकार महासंघले घटनाको बारेमा गम्भिर ध्यानाकर्षण भएको जनाउँदै समाचार कक्षबाट पत्रकारलाई पक्राउ गर्ने कार्य तत्काल रोक्न सरकारलाई आग्रह गरेको छ।

नेपाल पत्रकार महासंघका महासचिव रामप्रसाद दाहालले समाचार कक्षबाट पत्रकारलाई नियन्त्रणमा लिने कार्यलाई राज्य आतंकको संज्ञा दिनु भएको छ।

उहाँले लेख्नु भएको छ, 'यो अकस्मात राज्य आतंक सुरु भएको देखिएको छ। हरेक समाचार कक्षमा बर्दीधारी प्रहरी गएर समाचार कक्षबाट पत्रकारलाई उठाउने (नियन्त्रणमा) लिने कुरा नेपालको संविधान, प्रेस स्वतन्त्रता र अन्तराष्ट्रिय कानुनहरूको उल्लंघन हो। यसलाई तत्काल रोक्नुपर्छ। राज्य आतंक नरोकिए यो खेदजन्य कार्यविरुद्ध आन्दोलित हुनुको विकःप छैन।'

प्रहरीले पत्रकार विश्वमणि सुवेदीलाई शुक्रबार समाचार कक्षबाट नियन्त्रणमा लिएको छ। उनी नेपाल प्रेसमा कार्यरत पत्रकार हुन्। उनलाई नयाँ बानेश्वरस्थित कार्यालयको समाचार कक्षबाट प्रहरीले नियन्त्रणमा लिएको हो। शुक्रबार नै नयाँ पत्रिका दैनिकको कार्यालयमा पनि प्रहरी पुगेको थियो।

अपराध अनुसन्धान कार्यालय, टेकुबाट आएको भन्दै पाँच जना प्रहरीहरू सादा पोशाकमा नयाँ पत्रिकाको कार्यालयमा पुगेका छन्। नयाँ पत्रिकाका सम्पादक खगेन्द्र पन्तका अनुसार, उनीहरूले संवाददाता नवराज मैनालीलाई साइबर ब्यूरोमा लैजानुपर्ने भनेका थिए। शुक्रबार नै अर्का पत्रकार शोभराज बराललाई प्रहरीले नियन्त्रणमा लिएको थियो। मोटिभेट न्युजका पत्रकार शोभराज बराललाई दिउँसो प्रहरीले नियन्त्रणमा लिएको हो।

नेपाल प्रेस काउन्सिलले पनि समाचारकक्षबाट पत्रकारलाई प्रक्राउ पुर्जी बिना नियन्त्रणमा लिनु गलत भएको बताएको छ। काउन्सिलले जारी गरेको विज्ञप्तिमा पक्राउको स्पष्ट कारण नखुलाएको, पक्राउ पूर्जी नदेखाएको, अदालतको अनुमति नलिएको र अपराधको जाहेरी परेको बारेमा स्पष्ट नभएको अवस्थामा पत्रकारलाई नियन्त्रणमा लिइनु गम्भिर आपत्तिको विषय भएको उल्लेख गरिएको छ।

त्यस्तै प्रधानमन्त्री बालेन्द्र शाहको सचिवालयले पत्रकार नियन्त्रणको बारेमा आफुलाई जानकारी नभएको प्रतिक्रिया दिएको छ। प्रधानमन्त्री बालेन्द्र शाहको प्रेस तथा अनुसन्धान विज्ञ दीपा दाहालले घटनामा प्रधानमन्त्री र प्रधानमन्त्रीको कार्यालयको कुनै संलग्नता नरहेको बताएकी छिन्।

राष्ट्रिय स्वतन्त्रण पार्टीका प्रवक्ता जगदीश खरेलले समाचार लेखेको आधारमा पत्रकारलाई पक्राउ गर्ने धरपकड गर्ने वा समाचार कक्षमा प्रवेश गरेर दबाब दिने कार्य गलत भएको बताएका छन्।

नेपाल पत्रकार महासंघ पूर्व अध्यक्ष शिव गाउँलेले समाचार स्रोतको पत्ता लगाउने नाममा प्रहरीले समाचार कक्षमै प्रवेश गरेर पत्रकारलाई पक्राउ गर्न थालेको भन्दै त्यसको बिरोध गरेका छन्।

प्रहरीको यस्ता गतिविधिले मुलुकमा संविधान नै सकिएको टिप्पणी गरे। उनले भने, 'समाचारको स्रोत पत्ता लगाउन समाचार कक्षमा छिरेर प्रहरीले पत्रकार पक्राउ गर्न थालेको हो भने यो मुलुकमा संविधान सकियो। प्रेस तथा अभिव्यक्ति स्वतन्त्रणको रक्षाको लागि लड्दैं गरौला, पहिले संविधान जोगाउन लडनु पर्ने भयो।'

दुई समूहको समानान्तर गतिविधिले निलम्बनमा पऱ्यो एनप्याब्सन

कालपृष्ठ समाचारदाता

काठमाडौं, १३ कात्तिक



राष्ट्रिय निजी तथा आवासीय विद्यालय एसोसियसन नेपाल (एनप्याब्सन) दुई वटा समूहको समानान्तर गतिविधिले निलम्बनमा परेको छ।

गीता राणा समूहले यही कात्तिक १४ र १५ गते चितवनमा विशेष विधान महाधिवेशनको आयोजना गर्दै थियो। त्यसको पूर्वसन्ध्यामा गृह मन्त्रालयले एनप्याब्सनलाई शुक्रबार निलम्बन गऱ्यो। संस्थाले राष्ट्रिय निर्देशन ऐन, २०१८ को दफा ५ बमोजिम यस मन्त्रालयबाट दिइएको निर्देशन बारम्बार पालना गरेको नदेखिएको भन्दै निलम्बन गरिएको मन्त्रालयले जनाएको छ।

सरोकारवाला पक्षहरूलाई छलफल गराइ निर्देशन बमोजिमका कार्य गर्न आग्रह गर्दा नमानेकाले निलम्बन गरिएको गृहको दाबी छ।

'राष्ट्रिय निजी तथा आवासीय विद्यालय एसोसिएसन नेपाललाई अर्को निर्णय नभएसम्मका लागि निलम्बन गरिएको बेहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ,' जारी विज्ञप्तिमा भनिएको छ। तर राणा समूहले गृहमन्त्रालयले निलम्बन गरेपनि आफूहरूको कार्यक्रम नरोकिने बताएको छ। 'गृह मन्त्रालयकै निर्देशन अनुसार गर्न लागेका हौं। भोलि र पर्सिको कार्यक्रम हो,' पूर्वअध्यक्ष पाण्डव हमालले भने, 'वर्षिक साधनरण सभा गर्न लागेका हौं।'

विवाद के हो ?

एन प्याब्सनको ७ औं महाधिवेशनपछि विवाद सुरु भएको हो। २०७८ साल फागुन २२ र २३ गते नेपालगन्जमा भएको महाधिवेशनमा अध्यक्षमा पाण्डव हमाल र सहअध्यक्षमा सुवास न्यौपाने चयन भएका थिए।

तर अध्यक्षमा दुई जनाले १८/१८ महिना चलाउने भद्र सहमति भएको एनप्याब्सनमा न्यौपाने समूहको दाबी छ। १८ महिना समय बितेपछि हमालले अध्यक्ष छोड्नन्। त्यसपछि पाण्डव समूहले पद हस्तान्तरण नगरेको भन्दै अध्यक्षमा न्यौपानेसहित अर्को कार्यसमिति घोषणा भयो। र, दुई वटा समानान्तर कार्यसमिति चल्यो। ७ औं महाधिवेशनपछि समानान्तर कार्यक्रम भएको दुबै समूहले स्वीकार गरेका छन्। 'दुई वटा समानान्तर भएको हो,' हमालले भने, 'सिंगो कार्यकाल हुँदा हुदै उहाँले (न्यौपाने) छुट्टै खोल्न भयो।'

तर, दुवै पक्षले आफूहरू आधिकारिक रहेको दाबी पनि गरिरहेका छन्। 'हामी आधिकारिक हौं। उहाँहरूले नियम विपरीत समानान्तर कार्यक्रम गरिरहनु भएको हो,' न्यौपानले भने। त्यसिपछि २०८१ फागुनमा ८ औं महाधिवेशन भयो। दुवै समूहले छुट्टछुट्टै महाधिवेशन गरेका थिए। एउटा समूहबाट गीता राणा अध्यक्ष बनिन्। अर्को समूहबाट न्यौपाने अध्यक्ष बने। निलम्बनका गीता राणा समूहले चितवनमा गर्न लागेको कार्यक्रम नरोकिने बताएको छ।

'हामी कार्यक्रमको लागि चितवन जाँदै छौं। गृह मन्त्रालयकै सहमतिमा गर्न लागेका हौं,' हमालले भने, 'गृहको सूचनामा कुनै हस्ताक्षर केही छैन। हाम्रो कार्यक्रम रोकिदैन।'

न्यौपाने समूहले भने चितवनको कार्यक्रम नियम विपरीत भएको दाबी गरेको छ। ७ औं महाधिवेशनसम्म एनप्याब्सनमा ११४७ प्रतिनिधि थिए। ८ औं बाट विवाद भएपछि प्रतिनिधि दुईतिर विभाजित भएका छन्।



आईडी कार्ड
मात्र
रू. १५०/-

सम्पर्क:
मो.
९८५८०४१२१०, ९८५८०५२५४४
नेपालगञ्ज-२, धम्बोकी
प्रिन्ट नेप

समस्याग्रस्त कर्णाली डेभलपमेन्ट बैंकका ३५ सेयरधनीको सेयर पूँजी १ प्रतिशतमा झारियो !

कालपृष्ठ समाचारदाता

नेपालगन्ज, १३ कात्तिक



समस्याग्रस्त कर्णाली डेभलपमेन्ट बैंकका ३५ जना सेयरधनीको सेयर पूँजी घटाएर १ प्रतिशतमा झारिएको छ। बैंकको सम्पत्ति तथा दायित्व मूल्यांकन गर्दा दायित्व नखाम्ने अवस्था देखिएको र अवैधानिक रूपमा पूँजी चुक्ता गरेको पाइएपछि राष्ट्र बैंकद्वारा गठित व्यवस्थापन समूहले ३५ जना सेयर धनीको सेयर पूँजी १ प्रतिशतमा झारेको हो।

'नेपाल राष्ट्र बैंक ऐन, २०५८' को दफा ८६ (ङ) को उपदफा (१) को खण्ड (च) र (ज) तथा दफा ८६ (ज) अनुसार सेयर स्वामित्व घटाएर १ प्रतिशतमा सीमित गरिएको व्यवस्थापन समूहले जनाएको छ। व्यवस्थापन समूहको सेयर पूँजी घटाउने निर्णय कम्पनी रजिष्ट्रार कार्यालयमा अभिलेखीकरण गर्नुपूर्व उच्च अदालत तुलसीपुर (नेपालगञ्ज इजलास)मा मंसिर ९ गते सुनुवाइ हुनेछ। सो निर्णयप्रति कसैको दाबी-विरोध भए प्रमाणसहित तोकिएको मिति र समयमा अदालतमा उपस्थित हुन व्यवस्थापन समूहले सार्वजनिक सूचनामार्फत आह्वान गरेको छ।

मेशिन द्वारा
शिलालेख, ताम्रपत्र
लक्ष्मी मिडिया प्रिन्टर्स
वि.पी. चोक, नेपालगंज। फोन नं.: 081-535860, 537486, 9858046254, 9858023860

सम्पादकीय

सिँचाइले फेरिँदै राधापुरको कृषि क्षेत्र

बाँकेको खजुरा गाउँपालिका-१ राधापुर कृषि उत्पादनका दृष्टिले सम्भावना बोकेको क्षेत्र हो । भारतसँग सीमा जोडिएको यस वडाका अधिकांश बासिन्दाको मुख्य पेसा कृषि भए पनि विगतमा सिँचाइको पर्याप्त सुविधा नहुँदा किसानले आकाशे पानीको भर पर्नुपर्ने बाध्यता थियो । तर, किरणनाला लिफ्ट सिँचाइ योजना सञ्चालनमा आएपछि यहाँको कृषि प्रणालीमा क्रमिक परिवर्तन देखिन थालेको छ ।

बहादुरपुर, चन्द्रनगर र जलपोखरी क्षेत्रका किसानका लागि यो योजना सिँचाइको भरपर्दो आधार बनेको छ । योजनाका कारण बाह्रै महिना सिँचाइ सुविधा उपलब्ध हुन थालेपछि किसानलाई मौसमी वर्षाको प्रतीक्षा नगरी खेतीपाती गर्न सहज भएको छ ।

धान रोपाइँदेखि हिउँदे बाली तथा तरकारी खेतीसम्म यसको सकारात्मक प्रभाव परेको स्थानीय जनप्रतिनिधिहरुको भनाइ छ ।

वडा अध्यक्ष मनवीर क्षेत्रीका अनुसार करिब एक हजार दुई सय बिघा क्षेत्रफलमा सिँचाइ सुविधा पुऱ्याउने लक्ष्यसहित सुरु गरिएको यो योजना प्रारम्भमा संघीय सरकारको करिब तीनदेखि चार करोड रूपैयाँ लगानीमा अघि बढाइएको थियो ।

त्यसपछि प्रदेश सरकारले समेत निरन्तर बजेट विनियोजन गर्दै आएको छ । पछिल्ला केही वर्षदेखि प्रत्येक वर्ष आरसीसी कुलो निर्माणको लागि प्रदेशबाट बजेट प्राप्त भइरहेको वडाले जनाएको छ ।

यद्यपि योजनाको क्षमताअनुसार अझै सबै क्षेत्रमा सिँचाइ सुविधा विस्तार हुन सकेको छैन ।

तर, यसबाट लाभान्वित किसानको संख्या उल्लेख्य छ । सिँचाइ सुविधा सुधार भएपछि बर्खे बाली समयमै लगाउन र धान रोपाइँ गर्न सहज भएको छ । त्यस्तै, हिउँदमा मकै, भिन्डी, बोडी लगायतका तरकारी खेती गर्न पनि किसानलाई सुविधा पुगेको छ ।

खजुरा गाउँपालिकाको सिँचाइसम्बन्धी तथ्याङ्कले पनि कृषि क्षेत्रमा सिँचाइको महत्त्व र विद्यमान अवस्थालाई उजागर गर्छ । गाउँपालिकामा कुल ७१५.०५ हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा उपलब्ध रहेको तथ्याङ्क छ ।

यसमध्ये ताल तथा जलाशयमार्फत मात्रै ५७७.४९ हेक्टर अर्थात् ८०.८ प्रतिशत क्षेत्रफलमा सिँचाइ हुने गरेको छ ।

त्यस्तै, परम्परागत सिँचाइ स्रोतअन्तर्गत नहर तथा कुलोले ६.८८ प्रतिशत क्षेत्रफल समेटेका छन् भने विद्युतीय लिफ्ट सिँचाइ, भूमिगत सिँचाइ र पम्पिङ सेटजस्ता आधुनिक प्रविधिबाट २.०२ प्रतिशत क्षेत्रफलमा सिँचाइ सुविधा उपलब्ध रहेको तथ्याङ्कले देखाउँछ ।

प्राकृतिक तथा आधुनिक सिँचाइ स्रोतको उपयोगले कृषि उत्पादनका लागि थप सम्भावना सिर्जना गरेको देखिए पनि आधुनिक सिँचाइ प्रविधिको विस्तार भने अपेक्षाकृत सीमित छ ।

कृषि प्रधान क्षेत्रका रूपमा परिचित खजुरामा उत्पादन वृद्धि, किसानको आयआर्जन र खाद्य सुरक्षाका लागि सिँचाइ व्यवस्थापनलाई थप प्रभावकारी बनाउनु आवश्यक छ ।

किरणनाला लिफ्ट सिँचाइ योजनाले राधापुरका किसानलाई वर्षायाममा मात्र निर्भर रहनुपर्ने अवस्थाबाट क्रमशः बाहिर निकाल्ने आधार तयार गरेको छ । तर, योजनाको पूर्ण क्षमताको उपयोग, बाँकी क्षेत्रमा सिँचाइ विस्तार, नियमित मर्मतसम्भार र विद्युत् तथा सञ्चालन खर्चको दिगो व्यवस्थापनमा सम्बन्धित निकायको ध्यान जान जरुरी छ ।

सिँचाइ सुविधा उपलब्ध हुनु मात्र कृषि विकासको अन्तिम लक्ष्य होइन । उपलब्ध पानीको न्यायोचित वितरण, संरचनाको नियमित संरक्षण, आधुनिक कृषि प्रविधिको प्रयोग, उन्नत बीउबिजन र बजारको सुनिश्चितता पनि उत्तिकै महत्त्वपूर्ण छन् । यी पक्षलाई एकीकृत रूपमा अघि बढाउन सके राधापुरको कृषि उत्पादनमा गुणात्मक वृद्धि सम्भव हुनेछ ।

किसानले समयमै पानी पाउनु भनेको खेतमा बाली लगाउने अवसर मात्र होइन, वर्षभरि आम्दानीको बाटो खुल्नु पनि हो । त्यसैले किरणनाला लिफ्ट सिँचाइ योजनालाई पूर्वाधार निर्माणमा मात्र सीमित नराखी दीर्घकालीन कृषि समृद्धिको आधारका रूपमा विकास गर्न आवश्यक छ ।

खाडीमा श्रमसेवा निर्यात

अमेरिका, इजरायल र इरानबिचको द्वन्द्व अन्त्य भई पश्चिम एसियामा दिगो शान्ति कायम भएपछि द्वन्द्वबाट प्रभावित ऊर्जा, उद्योग, यातायात तथा भौतिक पूर्वाधारको पुनर्निर्माण, आधुनिकीकरण र पुनर्स्थापनाले स्वाभाविक रूपमा गति लिने छ। यससँगै ऊर्जा पूर्वाधारको स्तरोन्नति, औद्योगिक उत्पादन क्षमताको विस्तार र व्यापारिक गतिविधिको पुनर्सञ्चालनबाट निर्माण, ऊर्जा तथा प्राविधिक सेवाका क्षेत्रमा दक्ष जनशक्तिको माग बढ्ने सम्भावना रहन्छ। खाडी मुलुकमा श्रमशक्ति आपूर्ति गर्ने प्रमुख देशमध्ये एक नेपालका लागि यस्तो परिस्थितिले अन्तर्राष्ट्रिय श्रमबजारमा श्रमसेवा निर्यातको गुणस्तर र प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्दै आफ्नो उपस्थिति विस्तार गर्ने अवसर सिर्जना गर्ने छ। यस अवसरलाई वास्तविक आर्थिक लाभमा रूपान्तरण गर्न सम्भावित श्रम मागको समयमै पहिचान, पेसागत आवश्यकताको विश्लेषण र अन्तर्राष्ट्रिय मापदण्ड अनुरूप दक्ष जनशक्तिको विकास गर्नु आवश्यक हुन्छ। नेपालको वैदेशिक रोजगार नीतिको प्रभावकारिता विदेशमा पठाइने श्रमिकको सङ्ख्यात्मक वृद्धिबाट मात्र मूल्याङ्कन नगरी गन्तव्य मुलुकको विद्यमान तथा प्रक्षेपित श्रम माग अनुरूप आवश्यक पेसा, जनशक्तिको परिमाण, सिप तथा दक्षताको स्तर र अपेक्षित पारिश्रमिक पहिचान गरी प्रतिस्पर्धात्मक श्रमसेवा उपलब्ध गराउन सक्ने क्षमतालगायतका आधारमा मापन गर्नु पर्छ। यसका लागि श्रमबजारको मागमा आधारित सिप विकास प्रणाली, अन्तर्राष्ट्रिय रूपमा मान्यता प्राप्त व्यावसायिक सिप प्रमाणीकरण, प्रभावकारी श्रम कूटनीति, रोजगारदातासँगको प्रत्यक्ष संस्थागत सहकार्य तथा पारदर्शी र सुरक्षित भर्ती प्रणालीबिच प्रभावकारी नीतिगत समन्वय आवश्यक हुन्छ। यस्तो रणनीतिक रूपान्तरणले नेपाललाई न्यून दक्ष श्रमिक आपूर्तिमा केन्द्रित परम्परागत अवस्थाबाट विशिष्टीकृत सिप, व्यावसायिक दक्षता र उच्च उत्पादकत्वमा आधारित श्रमसेवा निर्यातितर्फ उन्मुख गराउन सक्छ। फलस्वरूप, श्रमिकको पारिश्रमिक तथा सुरक्षा अभिवृद्धि, विप्रेषणको गुणात्मक वृद्धि र राष्ट्रिय अर्थतन्त्रको उत्पादकत्व सुधारमा समेत योगदान पुग्न सक्छ।

श्रमिकको माग बढ्ने

वैदेशिक रोजगार विभागको तथ्याङ्क तथा नेपालको वैदेशिक श्रम आप्रवासन प्रतिवेदन २०२४ अनुसार खाडी सहयोग परिषद्का छ सदस्य राष्ट्रमा नयाँ श्रम स्वीकृति लिनेको सङ्ख्या आर्थिक वर्ष २०२२/२३ मा एक लाख ९३ हजार ५३४ रहेकोमा २०२३/२४ मा बढेर दुई लाख ८१ हजार ८४९ पुगेको थियो। आव २०२४/२५ मा संयुक्त अरब इमिरेट्सका लागि दुई लाख एक हजार १४८, साउदी अरबका लागि ७७ हजार २४७, कतारका लागि ४९ हजार १७८, कुवेतका लागि ३८ हजार ४८०, बहराइनका लागि छ हजार ५४० र ओमानका लागि पाँच हजार २९१ गरी कुल तीन लाख ७७ हजार ८८४ नयाँ श्रम स्वीकृति जारी भएको छ। कतार विश्वकप २०२२ को अनुभवले पुनर्निर्माणसँगै होटेल, सरसफाइ, उपकरण सञ्चालन, मर्मतसम्भार र प्राविधिक सेवामा पनि अवसर सिर्जना हुने देखाउँछ। यी तथ्याङ्कले द्वन्द्व समाप्ति पछि खाडी क्षेत्रमा नेपाली श्रमिकको माग उल्लेख्य रूपमा बढ्ने सम्भावना छ।

सम्भावित रोजगारका क्षेत्र

शान्ति स्थापना भई पुनर्निर्माण, पूर्वाधार विस्तार तथा औद्योगिक आधुनिकीकरणले गति लिएको अवस्थामा खाडी क्षेत्रमा विभिन्न तहका श्रमशक्तिको माग बढ्न सक्ने सम्भावना छ। तेल तथा ग्यास, पेट्रोकेमिकल, विद्युत्, पानी प्रशोधन, विमानस्थल, सडक, पुल, सुरुङ, आवासीय भवन, बन्दरगाह तथा डिजिटल पूर्वाधार यसका सम्भावित क्षेत्र हुन्। नेपालले आगामी पाँच वर्षका लागि प्रारम्भिक लक्ष्य निर्धारण गरी खाडी मुलुकमा पुनर्निर्माणका लागि नियमित रूपमा जाने श्रमिकका अतिरिक्त उच्च दक्ष विशेषज्ञ १५ हजार, दक्ष प्राविधिक ७५ हजार, अर्धदक्ष जनशक्ति एक लाख २० हजार र आधारभूत सिपयुक्त श्रमिक ९० हजार गरी कुल तीन लाख जनशक्ति वैदेशिक श्रमबजारमा पठाउने लक्ष्यसहित योजनाबद्ध सिप विकास कार्यक्रम सञ्चालन गर्नु उपयुक्त हुने छ। यसको कार्यान्वयनअघि गन्तव्य मुलुक अनुसार सम्भावित पुनर्निर्माण आयोजना, पेसागत श्रमसेवाको आवश्यकता, रोजगारको अवधि, पारिश्रमिक, प्रमाणपत्रको मान्यता तथा प्रतिस्पर्धी श्रम आपूर्तिको समेत अध्ययन गरी तालिमको पाठ्यक्रम, प्रशिक्षार्थी सङ्ख्या सिप प्रमाणीकरण तथा परस्पारिक मान्यतासमेतको प्रबन्ध गरी रोजगारदातासँग प्रत्यक्ष आबद्धता कायम गर्नु पर्छ। यसबाट वैदेशिक रोजगारलाई सङ्ख्यामा आधारित श्रम आपूर्तिबाट मागमा आधारित, सिपयुक्त र उच्च उत्पादकत्वको श्रमसेवा निर्यातमा रूपान्तरण गर्ने आधार तयार हुन्छ। यस्तो तालिम प्राप्त जनशक्ति अन्य मुलुक र स्वदेशमा समेत सजिलै उपयोग हुन सक्छन्।



नेपालले श्रम निर्यातलाई श्रमसेवा निर्यातमा रूपान्तरण गर्नु पर्छ । यसको अर्थ रोजगारदातालाई आवश्यक सिप, व्यावसायिक प्रमाणपत्र, कार्यअनुभव र सुरक्षा ज्ञानसहितको जनशक्ति उपलब्ध गराउनु हो । यसका लागि युवा, श्रम तथा रोजगार मन्त्रालयको नीतिगत नेतृत्व र वैदेशिक रोजगार विभागसँगको समन्वयमा वैदेशिक रोजगार बोर्डले आफ्नो कानुनी कार्यक्षेत्र अनुसार तालिम सहजीकरण तथा श्रमिक सरक्षणमा सहयोग गर्ने व्यवस्था मिलाउन सकिन्छ ।

नवराज ढकाल

सिपयुक्त श्रमसेवा निर्यात

नेपालले श्रम निर्यातलाई श्रमसेवा निर्यातमा रूपान्तरण गर्नु पर्छ। यसको अर्थ रोजगारदातालाई आवश्यक सिप, व्यावसायिक प्रमाणपत्र, कार्यअनुभव र सुरक्षा ज्ञानसहितको जनशक्ति उपलब्ध गराउनु हो। यसका लागि युवा, श्रम तथा रोजगार मन्त्रालयको नीतिगत नेतृत्व र वैदेशिक रोजगार विभागसँगको समन्वयमा वैदेशिक रोजगार बोर्डले आफ्नो कानुनी कार्यक्षेत्र अनुसार तालिम सहजीकरण तथा श्रमिक संरक्षणमा सहयोग गर्ने व्यवस्था मिलाउन सकिन्छ। साथै, राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान (एनएभिटी), सिटिइभिटी र वैदेशिक रोजगार व्यवसायीलाई कार्यान्वयन साझेदार बनाउन सकिन्छ। सिप विकास कार्यक्रमलाई रोजगारदाताको वास्तविक तथा प्रक्षेपित मागमा आधारित बनाउनु आवश्यक छ। यस अन्तर्गत पहिलो चरणमा गन्तव्य मुलुकको श्रमबजार विश्लेषण गरी आवश्यक पेसा, दक्षताको तह र जनशक्तिको सङ्ख्या अनुमान गर्नु पर्छ। दोस्रो चरणमा निर्धारित मापदण्ड अनुसार प्रयोगात्मक तालिम, पूर्वसिप परीक्षण तथा मान्यताप्राप्त व्यावसायिक प्रमाणपत्रको व्यवस्था गर्नु पर्छ। तेस्रो चरणमा तालिम प्राप्त जनशक्तिलाई रोजगारदातासँगको अन्तर्वार्ता, सिप परीक्षण, रोजगार सम्झौता र वैधानिक श्रम स्वीकृतिको प्रक्रियासँग आबद्ध गर्नु पर्छ। साथै प्राविधिक दक्षताको विकाससँगै कार्यस्थल सुरक्षा, प्राविधि, भाषा, डिजिटल उपकरणको प्रयोग, श्रमिकका अधिकार तथा गन्तव्य मुलुकको श्रम कानुनसम्बन्धी अभिमुखीकरणलाई तालिमको अभिन्न अङ्ग बनाइनु पर्छ। यस्तो एकीकृत प्रणालीले तालिम र रोजगारीबिचको अन्तर घटाउँदै श्रमिकको रोजगार योग्यता, उत्पादकत्व, पारिश्रमिक तथा कार्यस्थलमा सुरक्षित रहने क्षमतामा अभिवृद्धि गर्न सक्छ।

सम्भावित आर्थिक लाभ

युवा, श्रम तथा रोजगार मन्त्रालयको नेतृत्वमा वैदेशिक रोजगार विभाग, वैदेशिक रोजगार बोर्ड, परराष्ट्र मन्त्रालय, नेपाली नियोग तथा निजी क्षेत्रको समन्वयमा साउदी अरब, कतार, संयुक्त अरब इमिरेटस, कुवेत, बहराइन र ओमानको श्रमबजार अध्ययन गरी आगामी एकदेखि पाँच वर्षको सम्भावित श्रम माग, आवश्यक पेसा, सिपको तह, जनशक्तिको सङ्ख्या, पारिश्रमिक तथा व्यावसायिक योग्यताको पहिचान गर्नु पर्छ। रोजगारदाता तथा निर्माण र औद्योगिक कम्पनीसँग प्रत्यक्ष समन्वय गरी प्राप्त निष्कर्षका आधारमा मागअनुरूप तालिम र सिप प्रमाणीकरणको व्यवस्था गर्न सकेमा नेपालको श्रमसेवा निर्यातको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्न सकिन्छ। विश्व बैङ्कको उपलब्ध तथ्याङ्क अनुसार, आव २०७८/७९ (सन् २०२१/२२) मा नेपालबाट वैदेशिक रोजगारीमा जाने श्रमिकको औसत मासिक पारिश्रमिक ५८ हजार ८५६ अर्थात् करिब ३९२ अमेरिकी डलर थियो। सिप विकास तथा रोजगार प्रवर्धन कार्यक्रममार्फत वास्तविक रोजगार मागका आधारमा प्रतिवर्ष थप ५० हजार नेपाली श्रमिकलाई खाडी मुलुकमा रोजगारी उपलब्ध गराउन र सीप अभिवृद्धिबाट प्रतिश्रमिक मासिक औसत २०० अमेरिकी डलर अतिरिक्त पारिश्रमिक प्राप्त गर्न सम्भव छ। त्यसो हुन सके प्रतिवर्ष उक्त श्रमिकबाट १२ करोड अमेरिकी डलर अतिरिक्त आम्दानीसहित हालको मूल्यमा कुल रु. ४६ अर्ब ८० करोड पारिश्रमिक प्राप्त हुन सक्ने अनुमान गर्न सकिन्छ। कार्यक्रमलाई पाँच वर्षसम्म निरन्तरता दिई प्रतिवर्ष थप ५० हजारका दरले कुल दुई लाख ५० हजार श्रमिकलाई रोजगारी उपलब्ध हुँदा पाँच वर्षमा कुल पारिश्रमिक सिप विकासबाट हुने अतिरिक्त आम्दानी ६० करोड अमेरिकी डलरसहित कुल दुई खर्ब ३४ अर्ब पुग्ने छ।

प्रतिस्पर्धी श्रमसेवाको आधार

अन्तर्राष्ट्रिय श्रमबजार विस्तारसँगै नक्कली मागपत्र, अनधिकृत मध्यस्थ, अत्यधिक भर्ती शुल्क, करार परिवर्तन र असुरक्षित कार्यस्थल जस्ता जोखिम नियन्त्रण गर्नु पर्छ। यसका लागि मागपत्र तथा रोजगारदाताको प्रमाणीकरण, कानुन अनुसार पारदर्शी भर्ती, बिमा, प्रभावकारी गुनासो सुनुवाइ र गन्तव्य मुलुकमा श्रमिकलाई आवश्यक सहयोग सुनिश्चित गर्नु पर्छ। रोजगारदाता, नेपाली नियोग र सम्बन्धित निकायबिच समन्वय गरी श्रमिकलाई प्रस्थान पूर्व अधिकार, श्रम कानुन र उजुरी प्रक्रियाबारे अभिमुखीकरण दिनुका साथै सिप प्रमाणीकरण र द्विपक्षीय सहकार्यलाई प्राथमिकता दिनु पर्छ। ठगी नियन्त्रण, श्रमिक संरक्षण र गुणस्तरीय सिप विकासलाई एकीकृत गर नेपालको वैदेशिक रोजगारलाई सुरक्षित, विश्वसनीय र उच्च मूल्य अभिवृद्धि गर्ने श्रमसेवा निर्यात प्रणालीमा रूपान्तरण गर्न सकिन्छ।

तालिम व्यवस्थापन

एनएभिटीले ५० हजार जनशक्तिका लागि आधारभूत सिपमूलक तालिम कम्तीमा ३९० घण्टाको पाठ्यक्रम अनुसार सञ्चालन गर्ने व्यवस्था गरेको छ। यसै आधारलाई लिएर वेल्डिङ, पाइप फिटिङ, औद्योगिक विद्युत्, एचभिएसी, भारी उपकरण सञ्चालन तथा निर्माणसम्बन्धी तालिमलाई रोजगारदाताको मापदण्ड अनुसार परिमार्जन गरी एनएभिटी र सिटिइभिटी र अन्य सरकारी तालिम केन्द्रको उपलब्ध क्षमता उपयोग गर्दै आवश्यकता अनुसार निजी तालिम प्रदायकबाट पनि कार्यक्रम सञ्चालन गर्न सकिन्छ। तालिम लागत भने वैदेशिक रोजगार बोर्ड, नेपाल सरकार तथा श्रमिकहरूको समेत न्यूनलागत साझेदारीमा सञ्चालन गर्नु पर्छ। रोजगारदाताबाट समेत यस्तो तालिमका लागि लगानी गर्न प्रोत्साहन गरी तालिम पनि रोजगार सुनिश्चित हुने वातावरण सिर्जना गर्न सकिन्छ।

पश्चिम एसियामा शान्ति स्थापना भई पुनर्निर्माण तथा आर्थिक गतिविधि विस्तार भएमा नेपालका लागि वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित र उच्च प्रतिफलयुक्त श्रमसेवा निर्यातमा रूपान्तरण गर्ने महत्वपूर्ण अवसर सिर्जना हुन सक्छ। यस अवसरको लाभ लिन श्रमबजारको माग अध्ययन, रोजगारदातासँग प्रत्यक्ष समन्वय, माग अनुरूप सिप विकास, पारदर्शी भर्ती र गन्तव्य मुलुकमा श्रमिक संरक्षणलाई एकीकृत रूपमा अगाडि बढाउनु पर्छ।

–गोरखापत्र

कर्जा चुक्ता गर्न आउने बारेको ३५ (पैतिस) दिने सार्वजनिक सूचना

(**प्रकाशित मिति** : २०८३/०७/१४)

यस आशा लघुवित्त वित्तीय संस्था लिमिटेडको तपसिलमा उल्लेखित शाखा कार्यालयहरूबाट धितो तथा सामूहिक जमानीमा आधारित कर्जा कारोबार गरी वित्तीय संस्थाको नियमानुसार मासिक रूपमा साँवा ब्याज बुझाँउनु पर्नेमा बिगत लामो समय देखि कर्जाको किस्ता (साँवा ब्याज) तिर्न आलटाल गरेको, पटक पटक मौखिक तथा लिखितरूपमा तरताकेता गर्दा समेत कर्जा तिर्न तर्फ कुनै चासो नदिएको, नेपाल राष्ट्र बैंकको नियमानुसार शंकास्पद/खराव वर्गमा कर्जाको वर्गीकरण भएको, कर्जा लिँदाको बखतमा यस वित्तीय संस्थासंग गरेको लिखत तमसुकको शर्तबन्देजको उल्लंघन गरेको हुँदा तपसिलमा उल्लेखित तपाई ऋणी तथा एकल/धनजमानीकर्ताहरू लाई यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र सम्बन्धित शाखा कार्यालयमा सम्पर्क गरी आफ्नो तिर्नु बुझाँउनु पर्ने सम्पूर्ण (साँवा, ब्याज र हर्जाना ब्याज) रकम तिर्नु बुझाँउनु हुन जानकारी गराईन्छ। अन्यथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन-२०७३, नेपाल राष्ट्र बैंकबाट "घ" वर्गका ईजाजतपत्र प्राप्त लघुवित्त वित्तीय संस्थाहरूलाई जारी गरिएको एकीकृत निर्देशन-२०८२ र वित्तीय संस्थाको कर्जा असुली नीति-२०८० बमोजिम थप असुली प्रकृया अवलम्बन गर्नुका साथै यसै सूचनालाई आधारमानी बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन-२०७३ बमोजिम सामूहिक जमानीमा आधारित कर्जाको हकमा जग्गा जमिन रोक्का राख्नुका साथै धितोमा आधारित कर्जाको हकमा नियमानुसार धितो लिलामी गरी असुलउपर गरिने तथा नेपाल राष्ट्र बैंकबाट "घ" वर्गका ईजाजतपत्र प्राप्त लघुवित्त वित्तीय संस्थालाई जारी गरिएको एकीकृत निर्देशन-२०८२ को निर्देशन नं. ११(२) बमोजिम तपाई ऋणी तथा एकल/धनजमानीकर्ताहरू लाई कालोसूचीमा राख्न कर्जा सूचना केन्द्रमा लेखि पठाईने भएकोले यसबाट ऋणी तथा एकल/धनजमानीकर्ताहरू लाई पर्न जाने असुविधा प्रति वित्तीय संस्था जवाफदेही नहुने र असुली प्रकृया अवलम्बन गर्दा लागेको सम्पूर्ण खर्च रकम समेत सम्बन्धित ऋणीबाट नै असुल उपर गरिने व्यहोरा जानकारी गर्दछौं।

तपसिल:

ऋणी तथा एकल/धनजमानीकर्ताहरूको नाम, थर, ठेगाना, नागरिकता प्रमाणपत्र नं. तथा धितोमा रहेको जग्गाको विवरण

शाखा कार्यालय : महेलकुना, सुर्खेत

१. ऋणीको नाम : भागीराम सुनार, पिता/पतिको नाम : प्रेम वहादुर सुनार, बाजे/ससुराको नाम : दलविर सुनार, स्थायी ठेगाना : गुमी-५, सुर्खेत, ना.प्र.नं. : ५३७२२/१२००, कर्जाको शीर्षक : व्यक्तिगत
१.धनजमानीको नाम : जानकी वि.क. पिता/पतिको नाम : भागीराम सुनार,बाजे/ससुराको नाम : प्रेम वहादुर सुनार, स्थायी ठेगाना : मैनतडा-८, सुर्खेत, ना.प्र.नं. : ४२३०४/२४६
२.धनजमानीको नाम : निरु रखाले, पिता/पतिको नाम : भागीराम सुनार, बाजे/ससुराको नाम : प्रेम वहादुर सुनार, स्थायी ठेगाना : गुर्भाकोट-१४, सुर्खेत, ना.प्र.नं. ६४-०१-७९-०५५८१,
धितोमा रहेको जग्गाको विवरण :
जग्गाधनीको नाम : भागीराम सुनार, जग्गाको ठेगाना : गुमी-३, सुर्खेत, कित्ता नं. : ६५७,६५९, क्षेत्रफल : ४५८, ५४१ व.मी.

२. ऋणीको नाम : रितु खत्री, पिता/पतिको नाम : टोप बहादुर खत्री, बाजे/ससुराको नाम : हरी बहादुर महरा खत्री, स्थायी ठेगाना : मैनतडा-४, सुर्खेत, ना.प्र.नं. : ६४-१०-६९-०२०८२, कर्जाको शीर्षक : साधारण
१.धनजमानीको नाम : टोप बहादुर खत्री, पिता/पतिको नाम : हरी बहादुर महरा खत्री, स्थायी ठेगाना : मैनतडा-४, सुर्खेत, ना.प्र.नं. : ६४-१०-६९-०१९५९
२.धनजमानीको नाम : वमी कामी, पिता/पतिको नाम : गाईने कामी, स्थायी ठेगाना : मेहलकुना-१, सुर्खेत, ना.प्र.नं. : १२०८४

३. ऋणीको नाम : खुमा दमाई, पिता/पतिको नाम : दिपेन्द्र दमाई, बाजे/ससुराको नाम : भीम वहादुर दमाई, स्थायी ठेगाना : गुमी-३, सुर्खेत, ना.प्र.नं. : ६४१०३७/८९६३३, कर्जाको शीर्षक : लघुउद्यम
१.धनजमानीको नाम : सिर्जना परियार, पिता/पतिको नाम : दिपेन्द्र दमाइ, बाजे/ससुराको नाम : भीम वहादुर दमाई, स्थायी ठेगाना : गुर्भाकोट-१३, सुर्खेत, ना.प्र.नं. : ६४-०१-७८-०९६६३
२.धनजमानीको नाम : निर्मला दमाई, पिता/पतिको नाम : चित्र बहादुर दमाई, स्थायी ठेगाना : गुमी-२, सुर्खेत, ना.प्र.नं. : ६४३०३७/१२८

४. ऋणीको नाम : बाल कुमारी गुरुङ्ग, पिता/पतिको नाम : दल बहादुर गुरुङ्ग, बाजे/ससुराको नाम : हिक्मत बहादुर गुरुङ, स्थायी ठेगाना : गुमी-७, सुर्खेत, ना.प्र.नं. : ६४-०१-६९-००५०६, कर्जाको शीर्षक : साधारण
१.धनजमानीको नाम : भिमसरा बाँठा(गुरुङ्ग) पिता/पतिको नाम : खगेन्द्र गुरुङ्ग, गुमी-४, सुर्खेत, ना.प्र.नं. : ६४-०१-७०-०५०७५

५. ऋणीको नाम : मायादेवी बुढा क्षेत्री, पिता/पतिको नाम : शेरबहादुर बुढा क्षेत्री, बाजे/ससुराको नाम : गोपाल बुढा क्षेत्री, स्थायी ठेगाना : बजेडीचौर-३, सुर्खेत, ना.प्र.नं. : ७६११७, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : शेर बहादुर बुढा क्षेत्री पिता/पतिको नाम : गोपाल बुढा क्षेत्री, स्थायी ठेगाना : बजेडीचौर-३, सुर्खेत, ना.प्र.नं. : ३३७५२/३३९

६. ऋणीको नाम : चन्द्रा कामी, पिता/पतिको नाम : परविर कामी, बाजे/ससुराको नाम : भुमे कामी, स्थायी ठेगाना : महेलकुना-७, सुर्खेत, ना.प्र.नं. : ६४-१०-६९-०१८६५, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : श्री परवीर कामी, पिता/पतिको नाम : भुमे कामी, स्थायी ठेगाना : अर्मा-१, रुकुम, ना.प्र.नं. : १२०२/१३४६

७. ऋणीको नाम : तिलसरा सार्की, पिता/पतिको नाम : प्रेम वहादुर सार्की, बाजे/ससुराको नाम : तुलाराम सार्की, स्थायी ठेगाना : गुमी-२, सुर्खेत, ना.प्र.नं. : २१९६, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : प्रेम वहादुर सार्की, पिता/पतिको नाम : तुलाराम सार्की, स्थायी ठेगाना : गुमी-२, सुर्खेत ना.प्र.नं. : २१९५

शाखा कार्यालय : भजनी, कैलाली

८. ऋणीको नाम : विनोद कुमार चौधरी, पिता/पतिको नाम : चिन्कु डगौरा, बाजे/ससुराको नाम : खुशीराम डगौरा, स्थायी ठेगाना : थापापुर-२, कैलाली, ना.प्र.नं. : ६७२०३८/३५७३२, कर्जाको शीर्षक : व्यक्तिगत
१.धनजमानीको नाम : विवेक चौधरी, पिता/पतिको नाम : राम लखन चौधरी, बाजे/ससुराको नाम : आइतवारी डगौरा, स्थायी ठेगाना : थापापुर-२, कैलाली, ना.प्र.नं. : ६७२०३८/५४८१
२.धनजमानीको नाम : पहलवान डगौरा, पिता/पतिको नाम : चिन्कु डगौरा, बाजे/ससुराको नाम : खुशीराम डगौरा, स्थायी ठेगाना : थापापुर-२, कैलाली, ना.प्र.नं. : ७३४-११३३
धितोमा रहेको जग्गाको विवरण :
जग्गाधनीको नाम : विनोद कुमार चौधरी, जग्गाको ठेगाना : महादेउली-३, कैलाली, कित्ता नं. : ७४५, क्षेत्रफल : ०-०-१६-३, २८३.६१ व.मी.

९.ऋणीको नाम : दिक्षय लामा, पिता/पतिको नाम : देव वहादुर लामा, बाजे/ससुराको नाम : भिम वहादुर लामा, स्थायी ठेगाना : थापापुर-२, कैलाली, ना.प्र.नं. : ६७२०३८/२८८८५, कर्जाको शीर्षक : आशा उद्यमशिलता
१.एकलजमानीको नाम : घनश्याम लामा, पिता/पतिको नाम : भिम बहादुर लामा, बाजे/ससुराको नाम : बुद्धिमान लामा, स्थायी ठेगाना : भजनी-६, कैलाली, ना.प्र.नं. : ६७-०२-७६-०५३४४
२.एकलजमानीको नाम : अर्जुन कुमार चौधरी, पिता/पतिको नाम : सन्तु प्रसाद डगौरा, बाजे/ससुराको नाम : माधुराम डगौरा, स्थायी ठेगाना : थापापुर-२, कैलाली, ना.प्र.नं. : ६७२०३८/२५३८८
धितोमा रहेको जग्गाको विवरण :
जग्गाधनीको नाम : दिक्षय लामा, जग्गाको ठेगाना : महादेउली-४, कैलाली, कित्ता नं. : ७९६, क्षेत्रफल : ०-०-१८-०, ३०४.७८ व.मी.

१०. ऋणीको नाम : अमृता कुमारी कर्ण, पिता/पतिको नाम : नवरेन्द्र कुमार कर्ण, बाजे/ससुराको नाम : कृष्ण देव लाल कर्ण, स्थायी ठेगाना : भजनि-४, कैलाली, ना.प्र.नं. : ६७२०३२/४८७१५
धनजमानीको नाम : नवरेन्द्र कुमार कर्ण, पिता/पतिको नाम : कृष्ण देव लाल कर्ण, बाजे/ससुराको नाम : शिवनन्द लाल कर्ण, स्थायी ठेगाना : कैलाली-४, भजनी, ना.प्र.नं. : ४०४३५

११. ऋणीको नाम : इनु शाही, पिता/पतिको नाम : हरि शाह, बाजे/ससुराको नाम : नर बहादुर शाह, स्थायी ठेगाना : मालाखेती-९, कैलाली, ना.प्र.नं. : ६७३०१५/७६१
धनजमानीको नाम : हरि शाह, पिता/पतिको नाम : नर बहादुर शाह, बाजे/ससुराको नाम : भिम बहादुर शाह, स्थायी ठेगाना : भजनी-३, कैलाली, ना.प्र.नं. : २२४६४

शाखा कार्यालय : सानोश्री, बर्दिया

१२. ऋणीको नाम : उमा राना थापा, पिता/पतिको नाम : कल्पन राना थापा, बाजे/ससुराको नाम : नर वहादुर राना थापा, स्थायी ठेगाना : सुर्यपटुवा-९, बर्दिया, ना.प्र.नं. : ६५१०२१/६४, कर्जाको शीर्षक : साधारण
१.धनजमानीको नाम : प्रमित राना थापा, पिता/पतिको नाम : कल्पन राना थापा, बाजे/ससुराको नाम : नर बहादुर राना थापा, स्थायी ठेगाना : सुर्यपटुवा-९, बर्दिया, ना.प्र.नं. : ६५-०१-७३-०७४६४
२.धनजमानीको नाम : राधिका सोनाहा राना थापा, पिता/पतिको नाम : सुमित राना थापा, स्थायी ठेगाना : मधुवन-२, बर्दिया, ना.प्र.नं. : ६५-०१-७९-०३३१०
३.एकलजमानीको नाम : कल्पन राना थापा, पिता/पतिको नाम : नर वहादुर राना थापा, स्थायी ठेगाना : सुर्यपटुवा-९, बर्दिया, ना.प्र.नं. : ६४४६८२/९१६०१६६२

१३. ऋणीको नाम : मान कुमारी खत्री, पिता/पतिको नाम : संजिव कुमार खड्का, बाजे/ससुराको नाम : गंगाराम खड्का, स्थायी ठेगाना : नेउलापुर-५, बर्दिया, ना.प्र.नं. : ६५३०१८/५९७, कर्जाको शीर्षक : लघुउद्यम
धनजमानीको नाम : बसन्ती कुमारी खड्का, पिता/पतिको नाम : गोपी खड्का, स्थायी ठेगाना : दुल्लु-६, दैलेख, ना.प्र.नं. : ६३-०२-७७-००९२५

१४. ऋणीको नाम : सरिता नेपाली, पिता/पतिको नाम : गंग बहादुर सार्की, बाजे/ससुराको नाम : खड्क बहादुर सार्की, स्थायी ठेगाना : सानोश्री-१, बर्दिया, ना.प्र.नं. : ६५१००२-१०७३, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : गंग बहादुर सार्की, पिता/पतिको नाम : खड्क बहादुर सार्की, स्थायी ठेगाना : सानोश्री-१, बर्दिया, ना.प्र.नं. : ६५३०३६९

१५. ऋणीको नाम : जानकी दनुवार, पिता/पतिको नाम : रति लाल दनुवार, बाजे/ससुराको नाम : मंगल सिंह दनुवार, स्थायी ठेगाना : मधुमल्ला-६, मोरङ्ग, ना.प्र.नं. : २, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : शर्मिला चौधरी, पिता/पतिको नाम : सविन दनुवार, स्थायी ठेगाना : मधुवन-४, बर्दिया, ना.प्र.नं. : ६५-०१-७७-०२३३५

१६. ऋणीको नाम : परमिला थारु, पिता/पतिको नाम : लिदौ थारु, बाजे/ससुराको नाम : बनुलाल थारु, स्थायी ठेगाना : सुर्यपटुवा-४, बर्दिया, ना.प्र.नं. : १०३४, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : लिदौ थारु, पिता/पतिको नाम : बनुलाल थारु, स्थायी ठेगाना : सूर्यपटुवा-४, बर्दिया, ना.प्र.नं. : १०३४

१७. ऋणीको नाम : तिला आचार्य क्षेत्री, पिता/पतिको नाम : सन्तोष कुमार आचार्य क्षेत्री, बाजे/ससुराको नाम : टेक बहादुर आचार्य, स्थायी ठेगाना : सूर्यपटुवा-३, बर्दिया, ना.प्र.नं. : २२७०५, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : सन्तोष कुमार आचार्य क्षेत्री, पिता/पतिको नाम : टेक बहादुर आचार्य, स्थायी ठेगाना : सूर्यपटुवा-३, बर्दिया, ना.प्र.नं. : ३६९७

१८. ऋणीको नाम : जुनकली भण्डारी, पिता/पतिको नाम : रूपसिंह भण्डारी, बाजे/ससुराको नाम : भगौतीसिंह भण्डारी, स्थायी ठेगाना : सूर्यपटुवा-३, बर्दिया, ना.प्र.नं. : ७/१६०७, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : गोविन्द भण्डारी, पिता/पतिको नाम : रूपसिंह भण्डारी, बाजे/ससुराको नाम : भगौतीसिंह भण्डारी, स्थायी ठेगाना : सूर्यपटुवा-३, बर्दिया, ना.प्र.नं. : ६५१०२१-३८७

१९. ऋणीको नाम : निर्मला थापा (माझी), पिता/पतिको नाम : कमल माझी, बाजे/ससुराको नाम : तारा सिं माझी, स्थायी ठेगाना : राकमकर्णाली-८, दैलेख, ना.प्र.नं. : ६३-१०-७०-००२३३, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : पुनम घले, पिता/पतिको नाम : सस बहादुर घले, स्थायी ठेगाना : सानोश्री-६, बर्दिया, ना.प्र.नं. : ६५-०१-७०-०३३०७

२०. ऋणीको नाम : रेखा सुनार, पिता/पतिको नाम : कर्ण बहादुर सुनार, बाजे/ससुराको नाम : मान सिं सुनार, स्थायी ठेगाना : ढोढरी-९, बर्दिया, ना.प्र.नं. : ६५१००४/८२७, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : कर्ण बहादुर सुनार, पिता/पतिको नाम : मान सिं सुनार, स्थायी ठेगाना : ढोढरी-३, बर्दिया, ना.प्र.नं. : ३८८०३

२१. ऋणीको नाम : आरती सुनार, पिता/पतिको नाम : आशिष सुनार, बाजे/ससुराको नाम : भक्त वहादुर सुनार, स्थायी ठेगाना : मधुवन-९, बर्दिया, ना.प्र.नं. : ६५-०१-७४-०७९५९, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : आशिष सुनार, पिता/पतिको नाम : भक्त वहादुर सुनार, स्थायी ठेगाना : शिवपुर-६, बर्दिया, ना.प्र.नं. : ६५१०१९/९४१

२२. ऋणीको नाम : चन्द्र कुमारी सुनार, पिता/पतिको नाम : दुध लाल वि.क., बाजे/ससुराको नाम : ओम शंकर वि.क., स्थायी ठेगाना : मधुवन-९, बर्दिया, ना.प्र.नं. : ६५-०१-७४-००९९६, कर्जाको शीर्षक : साधारण
१.धनजमानीको नाम : गौमती सुनार, पिता/पतिको नाम : पुर्ण वहादुर सुनार, बाजे/ससुराको नाम : गोरे सुनार, स्थायी ठेगाना : मधुवन-९, बर्दिया, ना.प्र.नं. : २१७
२.धनजमानीको नाम : कुमारी देवी वि.क., पिता/पतिको नाम : ओम शंकर वि.क., बाजे/ससुराको नाम : रतन लाल वि.क., स्थायी ठेगाना : मधुवन-९, बर्दिया, ना.प्र.नं. : १९३५

२३. ऋणीको नाम : चाँदनी रावत, पिता/पतिको नाम : आतिस थापा, बाजे/ससुराको नाम : कुशव थापा क्षेत्री, स्थायी ठेगाना : ठाकुरबाबा-७, बर्दिया, ना.प्र.नं. : ६५-०१-७४-०६३११, कर्जाको शीर्षक : लघुउद्यम
१.धनजमानीको नाम : आतिस थापा, पिता/पतिको नाम : कुशव थापा क्षेत्री, बाजे/ससुराको नाम : टिका सिंह थापा क्षेत्री, स्थायी ठेगाना : नेउलापुर-५, बर्दिया, ना.प्र.नं. : ६५१०१८/१८४१
२.धनजमानीको नाम : कुशव थापा क्षेत्री, पिता/पतिको नाम : टिका सिंह थापा क्षेत्री,स्थायी ठेगाना : नेउलापुर-४, बर्दिया, ना.प्र.नं. : ३८२७८

२४. ऋणीको नाम : बिनिता थारु, पिता/पतिको नाम : दुखराम थारु, बाजे/ससुराको नाम : बेचन थारु, स्थायी ठेगाना : बेगनाहा-४, बर्दिया, ना.प्र.नं. : ३६३५९, कर्जाको शीर्षक : लघुउद्यम
धनजमानीको नाम : माया सुवेदी (देवकोटा), पिता/पतिको नाम : हिरा प्रसाद देवकोटा, स्थायी ठेगाना : नेउलापुर-९, बर्दिया, ना.प्र.नं. : ६५३०१८/४४४

२५. ऋणीको नाम : शारदा परियार, पिता/पतिको नाम : अर्जुन परियार, बाजे/ससुराको नाम : मित्र लाल नेपाली, स्थायी ठेगाना : नेउलापुर-५, बर्दिया, ना.प्र.नं. : ६५३००२-५३४, कर्जाको शीर्षक : साधारण
१.धनजमानीको नाम : जैमा दमेनी, पिता/पतिको नाम : उज्जले दमाई, बाजे/ससुराको नाम : झुसे दमाई, स्थायी ठेगाना : सानोश्री-८, बर्दिया, ना.प्र.नं. : २७२४/०४६
२.धनजमानीको नाम : उजले दमाई, पिता/पतिको नाम : झुसे दमाई, स्थायी ठेगाना : भुजेला-७ कञ्चनपुर, ना.प्र.नं. : १४८३०७८४

२६. ऋणीको नाम : शोभा कुमारी माझी, पिता/पतिको नाम : छत्र वहादुर माझी, बाजे/ससुराको नाम : प्रताप सिं माझी, स्थायी ठेगाना : सुगरखाल-९, कैलाली, ना.प्र.नं. : ३६१३३, कर्जाको शीर्षक : साधारण
१.धनजमानीको नाम : डम्मर साउद, पिता/पतिको नाम : अमृत बहादुर क्षेत्री, स्थायी ठेगाना : ठाकुरबाबा-४, बर्दिया, ना.प्र.नं. : ६५-०१-७४-१०४४०
२.धनजमानीको नाम : भरु देवी साउद, पिता/पतिको नाम : अमृत बहादुर साउद, स्थायी ठेगाना : बगनाहा-३, बर्दिया, ना.प्र.नं. : १२०१०१०

२७. ऋणीको नाम : दिक्षिका गिरी, पिता/पतिको नाम : महेन्द्र कुमार गिरी, बाजे/ससुराको नाम : पूर्णदेव गिरी, स्थायी ठेगाना : बनियाभार-४, बर्दिया, ना.प्र.नं. : ६५१००६/५४९, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : गिता थापा, पिता/पतिको नाम : प्रेम बहादुर थापा, स्थायी ठेगाना : चामुण्डा विन्द्रासैनी-९, दैलेख ना.प्र.नं. : ६३-०२-७६-००९२६

२८. ऋणीको नाम : देवु बुढाथोकी, पिता/पतिको नाम : पविन बुढाथोकी, बाजे/ससुराको नाम : गोपाल बहादुर बुढाथोकी, स्थायी ठेगाना : गेरुवा-४, बर्दिया, ना.प्र.नं. : ६५-०२-७५-०२९०२, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : पबिन बुढाथोकी, पिता/पतिको नाम : गोपाल बहादुर बुढाथोकी, बाजे/ससुराको नाम : कृष्ण बहादुर बुढाथोकी, स्थायी ठेगाना : गोला-८, बर्दिया, ना.प्र.नं. : ६५-०२-७२-०२३६०

२९. ऋणीको नाम : सिता चौधरी , पिता/पतिको नाम : दुखिराम थारु, बाजे/ससुराको नाम : धुनिलाल थारु, स्थायी ठेगाना : नेउलापुर-५, बर्दिया, ना.प्र.नं. : ६५३०१८/१०३९, कर्जाको शीर्षक : लघुउद्यम
धनजमानीको नाम : जिवन थारु, पिता/पतिको नाम : दुखिराम थारु, बाजे/ससुराको नाम : धुनिलाल थारु, स्थायी ठेगाना : ठाकुरबाबा-१, बर्दिया, ना.प्र.नं. : ६५-०१-७७-०३५४०

३०. ऋणीको नाम : माया पुलामी (सलामी) मगर, पिता/पतिको नाम : दल वहादुर सलामी मगर, बाजे/ससुराको नाम : वल वहादुर सलामी मगर, स्थायी ठेगाना : सानोश्री-६, बर्दिया, ना.प्र.नं. : ६५१००२/१०७६, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : फुल माया तामाङ्ग, पिता/पतिको नाम : मन बहादुर तामाङ्ग, स्थायी ठेगाना : सानोश्री-५, बर्दिया, ना.प्र.नं. : ९४६२

३१. ऋणीको नाम : तुलसी सुनार, पिता/पतिको नाम : पुर्ण वहादुर सुनार, बाजे/ससुराको नाम : लाल बहादुर सुनार, स्थायी ठेगाना : सानोश्री-२, बर्दिया, ना.प्र.नं. : ६५१००२-८८८, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : बिर्मा सुनारनी, पिता/पतिको नाम : जैमान सुनार, स्थायी ठेगाना : सानोश्री-२, बर्दिया, ना.प्र.नं. : २८२७

३२. ऋणीको नाम : कमला दमाई, पिता/पतिको नाम : विजय कुमार थारु, बाजे/ससुराको नाम : महेन्दर लाल थारु, स्थायी ठेगाना : सूर्यपटुवा-७, बर्दिया, ना.प्र.नं. : ६५-०१-७१-०७५९९, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : सरिता दमाई, पिता/पतिको नाम : जंग बहादुर दमाई, स्थायी ठेगाना : सूर्यपटुवा-७, बर्दिया, ना.प्र.नं. : ६५३०२१/२२

३३. ऋणीको नाम : एलिजा टमटा, पिता/पतिको नाम : सुनिल टमटा, बाजे/ससुराको नाम : दलबिरे टमटा, स्थायी ठेगाना : मधुवन-३, बर्दिया, ना.प्र.नं. : ६५-०१-७४-०१२८४, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : रुद्र बहादुर सुनार, पिता/पतिको नाम : प्रतिव सुनार, स्थायी ठेगाना : मधुवन-३, बर्दिया, ना.प्र.नं. : ६५-०१-७४-०६५५७

३४. ऋणीको नाम : लक्ष्मी वि.क., पिता/पतिको नाम : कपुर सिंह वि.क., बाजे/ससुराको नाम : उज्वल सिंह सुनार, स्थायी ठेगाना : नेउलापुर-८, बर्दिया, ना.प्र.नं. : ६५३०१८/४५३, कर्जाको शीर्षक : लघुउद्यम
धनजमानीको नाम : सावित्रा कामी, पिता/पतिको नाम : बभ्के कामी, स्थायी ठेगाना : मधुवन-५, बर्दिया, ना.प्र.नं. : २५३८

३५. ऋणीको नाम : कमला परियार, पिता/पतिको नाम : विक्रम कुमार परियार, बाजे/ससुराको नाम : धननंजय दमाई, स्थायी ठेगाना : ठाकुरबाबा-१, बर्दिया, ना.प्र.नं. : ६५-०१-७५-०७०४९, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : विक्रम कुमार परियार, पिता/पतिको नाम : धननंजय दमाई, स्थायी ठेगाना : नेउलापुर-५, बर्दिया, ना.प्र.नं. : ६५-०१-७२-०२९०७

३६. ऋणीको नाम : बिनिता वली, पिता/पतिको नाम : प्रेम वहादुर वली, बाजे/ससुराको नाम : हिक्मत वहादुर वली, स्थायी ठेगाना : सानोश्री-६, बर्दिया, ना.प्र.नं. : ६५-०१-६९-००९२६, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : प्रेम वहादुर वली, पिता/पतिको नाम : हिक्मत वहादुर वली, स्थायी ठेगाना : सानोश्री-६, बर्दिया, ना.प्र.नं. : ३५८४१

३७. ऋणीको नाम : कोपिला खत्री खड्का, पिता/पतिको नाम : ललित खड्का, बाजे/ससुराको नाम : जय ब.खड्का, स्थायी ठेगाना : मधुवन-४, बर्दिया, ना.प्र.नं. : ६५-०१-७४-०६२४०, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : ललित खड्का, पिता/पतिको नाम : जय ब.खड्का, स्थायी ठेगाना : दोधारा-३ कञ्चनपुर, ना.प्र.नं. : ७५१००८/११७१०

३८. ऋणीको नाम : खिमा खत्री, पिता/पतिको नाम : श्याम बहादुर खत्री, बाजे/ससुराको नाम : टेक बहादुर खत्री, स्थायी ठेगाना : सानोश्री-२, बर्दिया, ना.प्र.नं. : ६५१००२/४४८, कर्जाको शीर्षक : साधारण
१.धनजमानीको नाम : खड्ग बहादुर खत्री, पिता/पतिको नाम : सहबिर खत्री, स्थायी ठेगाना : सानोश्री-३, बर्दिया, ना.प्र.नं. : २६८६
२.धनजमानीको नाम : सिता देवी खत्री, पिता/पतिको नाम : टेक बहादुर खत्री, स्थायी ठेगाना : गुलरिया-१, बर्दिया, ना.प्र.नं. : ६५१००१/७८८

आशा
आशा लघुवित्त वित्तीय संस्था लि.
Asha Laghubitta Bittiya Sanstha Ltd.
(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त वाणिज्य बैंकको वित्तीय संस्था)

केन्द्रीय कार्यालय : बनेपा-१३, साँगा, काभ्रेपलाञ्चोक, सम्पर्क नं. : ०११-६६००७३,
इमेल ठेगाना : ashamicrofinance@gmail.com/info@ashamicrofinance.com.np

सरकारको सार्वजनिक ऋण ३० खर्ब नाघ्यो, यो वर्ष थप साढे ६ खर्ब ऋण लिने लक्ष्य !

कालपृष्ठ समाचारदाता

नेपालगन्ज, १३ कात्तिक

सार्वजनिक ऋण ३० खर्ब रूपैयाँ नाघेको छ। चालु आर्थिक वर्ष २०८३/८४ को असोज मसान्तसम्म सरकारको कुल सार्वजनिक ऋण ३० खर्ब ९ खर्ब ११ करोड ६६ लाख रूपैयाँ पुगेको हो। यसअघि चालु आर्थिक वर्षको सुरुवातमा सरकारको कुल सार्वजनिक ऋण २९ खर्ब ८१ अर्ब ७० करोड २८ लाख रूपैयाँ थियो। त्यसयता (३ महिनामा) १ खर्ब २३ अर्ब ३२ करोड ५८ लाख रूपैयाँ ऋण लिएको छ।

सरकारको कुल सार्वजनिक ऋणमध्ये वैदेशिक ऋणको हिस्सा ५३.१३ प्रतिशत (१५ खर्ब ९८ अर्ब ८० करोड ५७ लाख रूपैयाँ) र आन्तरिक ऋणको हिस्सा ४६.८७ प्रतिशत (१४ खर्ब १० अर्ब ३१ करोड ९ लाख रूपैयाँ) छ।

सोही अवधिमा सरकारले कुल ७७ अर्ब ७४ करोड ७८ लाख रूपैयाँ बराबर साँवा भुक्तानी गरेको छ। यता सरकारले चालु आर्थिक वर्षमा कुल ६ खर्ब ५८ अर्ब २८ करोड ७ लाख रूपैयाँ सार्वजनिक ऋण परिचालन गर्ने लक्ष्य राखेको छ भने असोज मसान्तसम्म १ खर्ब २३ अर्ब ३२ करोड ५८ लाख रूपैयाँ ऋण प्राप्त गरेको छ।

जलेको भवन बनाउन ११ करोड चाहिने, बुटवल उपमहानगरसँग बजेट ५ करोड मात्रै

कालपृष्ठ समाचारदाता

बुटवल, १३ कात्तिक

बुटवल –जेनजी प्रदर्शन क्रममा जलेका बुटवल उपमहानगरपालिकाका हरेक कोठा र खाली स्पेसको सिलिङमा लगाइएका जिप्सन, ढोका र भ्यालका रबरहरू यत्रतत्र छन्। जता हेरे पनि धुवाँको मुस्लोले छोपेको कालो र जलेर नष्ट भएका संरचना सामान्य नागरिक तर्सिने खालकै छन्।

उपमहानगरपालिकाको मूल ढोकाबाट भित्र पस्नेबित्तिकै क्षतविक्षत संरचना र खरानीको थुप्रो देखिन्छ। मूल ढोकाबाट प्रवेश गर्नासाथ देब्रेतर्फ उपमहानगरका सेवाग्राहीका लागि राष्ट्रिय वाणिज्य बैंकको एक्सटेन्सन काउन्टर थियो। तर, एक वर्षदेखि नै त्यहाँ न बैंकको सेवा छ, न कर्मचारी। बैंकको शाखा रहेको स्थानमा जलेको संरचना मात्र छ। आगजनीले बैंकका कागजात, कम्प्युटर र मेसिनहरू ध्वस्त बनाइदिएपछि बैंकले अहिलेसम्म पनि शाखा पुनःस्थापना गरेको छैन। एक्सटेन्सन काउन्टरको अभावले सेवाग्राही सानो कामका लागि पनि झन्डै एक किलोमिटर टाढा पुग्न बाध्य छन्।

भुइँतला र पहिलो तलालाई जलेकै अवस्थामा हरियो जालीले ढाकेर राखिएको छ। प्रदर्शनकारीको आगलागीबाट ५४ करोड ७८ लाख ४५ हजार ३८१ रूपैयाँ खर्च गरेर निर्माण गरेको बेसमेन्टसहितको चारतले भवनको भुइँतला र पहिलो तला पूर्ण रूपमा नष्ट भएको थियो। तेस्रो र चौथो तलामा आंशिक क्षति पुगेको थियो।

निर्माण सकिएर २०७८ माघदेखि नयाँ भवनबाट सेवा सुरु गरिएको थियो। त्यही भवन २०८२ भदौमा भवनका प्रशासनिक तथा दर्ता चलानी शाखा, रिसेप्सन काउन्टरहरू तोडफोडसँगै पूर्ण रूपमा जलाइएको थियो।

उपमहानगरपालिकाका अनुसार गत आर्थिक वर्षमा बजेट बाँडफाँट भइसकेको र मर्मत तथा पुनर्निर्माणका लागि धेरै बजेट आवश्यक पर्ने भएकाले मर्मत हुन सकेन। आगजनीबाट भवनका मुख्य पिलरमै ठूलो क्षति भएकाले आर्थिक अभावसँगै प्राविधिक अध्ययन प्रतिवेदनबिना मर्मत गर्न नसकिएको नगरपालिकाले जनाएको छ। उपमहानगरले चालु आर्थिक वर्षमा भवनको मर्मत तथा पुनर्निर्माणका लागि ५ करोड रूपैयाँ विनियोजन गरेको छ। तर प्राविधिक अध्ययनले भवनलाई पहिलेकै अवस्थामा पुऱ्याउन करिब ११ करोड रूपैयाँ लाग्ने प्रतिवेदन दिएको छ।

उपमहानगरपालिका प्रमुख पाण्डेयले भवनमा पुगेको क्षतिअनुसार संघ र प्रदेश सरकारबाट मर्मत तथा पुनर्निर्माणका लागि बजेट विनियोजनमा कुनै सम्बोधन नभएपछि उपमहानगरपालिकाले आफ्नै आन्तरिक स्रोतबाट चालु आवमा ५ करोड बजेट विनियोजन गरेको बताए। 'तर त्यो बजेटले पुग्दैन,' उनले भने, 'त्यसैले अधुरो पुनर्निर्माण गर्ने योजनामा छौं।'

प्राविधिक अध्ययनमा भवनलाई पहिलेकै अवस्थामा मर्मत गर्न ११ करोड रूपैयाँ लागत लाग्ने प्रतिवेदन तयार भएको उनले बताए। भवनको बेसमेन्ट र पहिलो तलाका पिलरहरू नै जलेकाले भवन कति प्रयोग गर्न सकिने र कति गर्न नसकिने भन्ने नै अन्योल थियो। अहिले केही पिलर मर्मत गरेपछि भवन प्रयोगयोग्य रहेको भन्ने प्राविधिक प्रतिवेदन आएकाले मर्मतको तयारी गरिए पनि रकम अभावमा काम अघि नबढेको नगरप्रमुख पाण्डेयले बताए।

गत वर्ष भदौ २४ गते भएको जेनजी प्रदर्शनमा रूपन्देहीमा सरकारी तथा सार्वजनिक संरचनामा ३२ करोड दुई लाख १७ हजार ८ सय ७१ रूपैयाँ बराबरको क्षति भएको थियो। आन्दोलनका क्रममा क्षतिग्रस्त भएका कतिपय कार्यालय मर्मतसम्भारपछि सञ्चालनमा आए पनि धेरै संरचना अझै मर्मत वा पुनर्निर्माण हुन सकेका छैनन्। जिल्ला प्रशासन कार्यालय रूपन्देहीले तयार गरेको एकीकृत क्षतिको अन्तिम प्रतिवेदनअनुसार आन्दोलनका क्रममा जिल्लाका ३० सरकारी कार्यालय र एक सार्वजनिक संस्थामा ठूलो भौतिक तथा जिन्सी क्षति भएको थियो। सरकारी भवन, सवारीसाधन, कार्यालयका उपकरण, फर्निचर, कागजातलगायतका सामग्रीमा क्षति पुगेको प्रतिवेदनमा उल्लेख छ।

आजदेखि सुरु हुँदैछ तेस्रो नेपालगन्ज अन्तर्राष्ट्रिय स्वीमिङ च्याम्पियनसिप

कालपृष्ठ समाचारदाता

नेपालगन्ज, १३ कात्तिक



आज देखि नेपालगन्जमा तेस्रो नेपालगन्ज अन्तर्राष्ट्रिय स्वीमिङ च्याम्पियनसिप सुरु हुँदैछ। नेपालगन्ज स्वीमिङ क्लबको आयोजनामा हुन लागेको प्रतियोगिता दुई दिन सम्म चल्नेछ। नेपाल पौडी संघसँग सहकार्य गरेर आयोजना गर्न लागिएको प्रतियोगितामा यस पटक पहिलो पटक भारतको लखनउ, दिल्ली र पञ्जाबबाट समेत खेलाडी सहभागी हुने क्लबका अध्यक्ष केशव न्यौपानेले बताउनुभयो।

न्यौपानेले यसअघिका दुई प्रतियोगितामा नेपाली खेलाडीको मात्रै सहभागिता रहेकोमा यस पटक भारतबाट करिब ५० जना खेलाडी सहभागी हुने भएकाले प्रतियोगिता अन्तर्राष्ट्रिय बनेको बताउनुभयो।

अध्यक्ष न्यौपानेका अनुसार यस पटक भारतका ५० र नेपालगन्जसहित देशका विभिन्न स्थानबाट १ स य ५० गरी करिब २ सय जना खेलाडीले प्रतियोगितामा सहभागिता जनाउनेछन्।

आयोजक नेपालगन्ज स्वीमिङ क्लबका अनुसार प्रतियोगितामा आठ वर्षमुनिदेखि १७ वर्षसम्मका विभिन्न उमेर समूहका खेलाडी तथा १७ वर्षभन्दा माथिका खुला समूहका खेलाडीले प्रतिस्पर्धा गर्नेछन्। खेलाडीले फ्रिस्टाइल, ब्याकस्ट्रोक, ब्रेस्टस्ट्रोक, बटरफ्लाई, रिले र व्यक्तिगत मेडले विधामा प्रतिस्पर्धा गर्नेछन्।

प्रतियोगितामा विभिन्न विधाका ८० वटा इभेन्ट सञ्चालन गरिने क्लबका उपाध्यक्ष एवं इभेन्ट म्यानेजर सूर्यमणि अधिकारीले जानकारी दिनुभयो।

उहाँका अनुसार नेपालगन्जका खेलाडीलाई प्रतियोगिताको लागि तयार पार्न पौडी प्रशिक्षकद्वय चन्दुमान चौधरी र दीपक परियारले होटल सिद्धार्थको पौडी पोखरीमा नियमित प्रशिक्षण दिँदै आउनुभएको छ।

प्रतियोगितामा सहभागी खेलाडीलाई आयोजकले नेपालगन्जका पौडी पोखरी भएका चारतारे स्तरका होटलमा निःशुल्क बसोबास तथा खानाको व्यवस्था गर्ने जनाएको छ। प्रतियोगिता सञ्चालन गर्न करिब ३५ लाख रुपियाँ खर्च हुने अनुमान गरिएको छ।

क्लबले स्थापनाकालदेखि नै नियमित रूपमा राष्ट्रियस्तरका पौडी प्रतियोगिता आयोजना गर्दै आएको छ। पहिलो र दोस्रो संस्करण सफलतापूर्वक सम्पन्न भएपछि तेस्रो संस्करणका रूपमा यो अन्तर्राष्ट्रिय प्रतियोगिता आयोजना गर्न लागिएको हो।



बीमालेख हराएको सूचना

मिति २०८३/०५/०६ गते सल्यान देखी नेपालगन्ज जाने क्रममा मेरो तपसिल बमोजिमको विवरण भएको एल आई सी नेपालको बीमालेख हराएको हुँदा पाउनुहुने महानुभाबले नजिकैको प्रहरी कार्यालय वा निम्नलिखित ठेगानामा बुझाईदिनु हुन अनुरोध छ।

तपसीलः

नाम : अमृत देवकोटा खत्री
बीमालेख नं. : १४०००९७४२
ठेगाना : कुमाख - ६, सल्यान
सम्पर्क नं. : ९८६४८५७२९८

कालपृष्ठ दैनिकका लागि संस्थापक हेमन्त कर्माचार्य ९८५८०२१९५९, प्रकाशक/सम्पादक : कमल खत्री, कार्यालयः नेपालगन्ज-२, धम्बोझी, मो.नं.: ९८५११४८३६१, ९८५८०४१२१०, E-mail: kalpristha.news@gmail.com, kalpristha.marketing@gmail.com, मुद्रणः रंगशाला अफसेट प्रेस, नेपालगन्ज, बाँके।